स्थानीय राजपत्र्

खण्ड : ४

संख्याः

मितिः २०८०/०३/२६

भाग-२

लिखु तामाकोशी गाउँपालिका

# स्वास्थ्य राहत तथा यातायात खर्च प्रदान गर्ने सम्बन्धि (पहिलो संशोधन), २०८०

लिखु तामाकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप

बागमती प्रदेश, नेपाल

- प्रथम संशोधन २०८० बाट परिमार्जित गरिएको

## स्वास्थ्य राहत तथा यातायात खर्च प्रदान गर्ने सम्बन्धि (पहिलो संशोधन), २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०३/२६

लिखु तामाकोशी गाउँपालिकामा रहेका असहाय तथा दीर्घ रोगीहरुको लागि सहज स्वास्थ्य उपचार गर्न र त्यस्ता रोग लागेका व्यक्तिहरुलाई राहत तथा यातायात खर्च प्रदान गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले मिति २०७७/०५/०२ गते स्वीकृत यो कार्यविधिमा गाउँ कार्यपालिकाको मिति २०८०/०३/२६ को निर्णयानुसार संशोधन सहित यो कार्यविधि जारी गरेको छ।

**१. उद्देश्य** : गाउँपालिका क्षेत्रमा रहेका असहाय तथा दीर्घ रोगीलाई राहत प्रदान गर्ने।

**२. परिभाषा** : क) ‘‘राहत प्रदान’’ भन्नाले मान्यता प्राप्त संस्थाबाट असहाय तथा दीर्घ रोग लागेका भनी उल्लेख गरिएका बिरामीहरुलाई प्रदान गर्ने राहत तथा यातायात खर्च रकम सम्झनु पर्दछ।

(ख) ‘‘दीर्घरोगी तथा असहाय रोग’’ भन्नाले निको नहुने तथा उपचार पद्धति महँगो र जटिल प्रकृतिका देहायमा उल्लेखित रोग सम्झनु पर्दछ।

(ग) ‘‘अध्यक्ष’’ भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(घ) ‘‘उपाध्यक्ष’’ भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले लिखुतामाकोशी गाउँकार्यपालिका सम्झनु पर्दछ।

(च) ‘‘प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।

(छ) ‘‘गाउँपालिका’’ भन्नाले लिखु तामाकोशी गाउँपालिका सम्झनु पर्दछ।

(ज) ‘‘सदस्य’’ भन्नाले गाउँसभाको सदस्य सम्झनु पर्दछ। सो शब्दले गाउँकार्यपालिकाको सदस्य समेतलाई जनाउँनेछ।

(झ) ‘‘सभा’’ भन्नाले लिखु तामाकोशी गाउँ सभालाई सम्झनु पर्दछ।

**३. राहत प्रदान गर्न सकिने दीर्घ रोगहरु:**दीर्घ रोगहरु भन्नाले देहाय बमोजिमका रोगहरुलाई बुझाउँनेछ।

(क) सबै प्रकारका क्यान्सर

(ख) मृगौला रोग

(ग) मुटु रोग भई दीर्घ समस्या भएको

(घ) स्पाइनल समस्या

(ङ) अल्जाइमर्स

(च) पार्किन्सन्स

(छ) Seizure/Epilepsy

- **प्रथम संशोधन २०८० बाट परिमार्जित गरिएको**

(ज) अन्य जटिल प्रकृतिका रोगहरु

**४. राहत वितरण किसिम :**

१) गाउँ सभाबाट निर्णय भए बमोजिम लिखु तामाकोशी गाउँपालिका गाउँ सभा सदस्य लगायत जनप्रतिनिधि, कर्मचारीहरुको परिवार, स्थानीय वासिन्दाहरुलाई एक बिरामीलाई एक पटकको लागि मात्र बढीमा (स्वदेशभित्र) **रु.२५,०००/-** (अक्षरुपी पच्चिस हजार मात्र ।) र विदेशमा उपचार गर्ने भएमा बढीमा **रुः३,००,०००/- (तीन लाख मात्र।)** सम्म नगदमा राहत तथा यातायात खर्च स्वरुप प्रदान गर्न सकिनेछ ।

**५. राहत प्राप्त गर्नको लागि आवश्यक कागजपत्रहरु :**

क) नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थामा सम्बन्धित बिरामीले चेकजाँच गरेको कागजपत्र र अस्पतालको सिफारिस पत्र

ख) वडा कार्यालयको सिफारिस पत्र

ग) नागरिकताको प्रमाण पत्र

घ) लिखित निवेदन

ङ) बिरामी स्वयं उपस्थित हुन नसक्ने भएमा वडा अध्यक्षबाट प्रमाणित गरिएको बिरामीको मञ्जुरीनामा

च) मञ्जुरीनामा लिने र दिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

**६. छानबिन तथा अन्तिम निर्णय गर्ने अधिकार :-** गाउँपालिकाका निम्न पदाधिकारी रहने समितिमा निहित रहनेछ ।

१. गाउँपालिका अध्यक्ष -संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

३. स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**७. लक्षित समुह र वर्ग :** सबै प्रमाणित भएका दीर्घरोगीहरु ।

**८. अभिलेख व्यवस्थापन :** स्वास्थ्य राहत तथा यातायात खर्च खर्च सम्बन्धी समपूर्ण कागजातहरुको लिखु तामाकोशी गाउँकार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखाले अभिलेख व्यवस्थापन गर्नेछ ।

**आज्ञाले**
**विनोद कुमार अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

- प्रथम संशोधन २०८० बाट परिमार्जित गरिएको